annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०० पृष्ठ ८ | काठमाडौं, बुधबार २१ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४५ | WEDNESDAY, MARCH 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गच्छदार, श्रेष्ठ र जोशीलाई किन उन्मुक्ति ?

## विशेषको फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा

**विशेष अदालतले ललिता निवास जग्गा हिनामिना प्रकरणमा 'गोलमटोल व्याख्या गरेर' तीन जना पूर्वमन्त्रीलाई सफाइ दिएको अख्तियारको दाबी छ । विशेषको फैसलाविरुद्ध अख्तियारले मंगलबार सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । गच्छदारको बदनियत पुष्टि हुँदाहुँदै पनि सफाइ दिइएको भन्दै अख्तियारले असन्तुष्टि जनाएको छ । पूर्वमन्त्री डम्बर श्रेष्ठ र चन्द्रदेवी जोशीलाई सफाइ दिइएकोमा पनि अख्तियारले असन्तुष्टि जनाएको छ । अरू, केही बिचौलियालाई कम सजाय तोकिएको भन्दै अख्तियारले पुनरावेदन गरेको छ ।**

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट




विजयकुमार गच्छदार
डम्बर श्रेष्ठ
चन्द्रदेव जोशी

## नेपाली अवैध आप्रवासी लिएर अमेरिकी जहाज काठमाडौं आउँदै

**काठमाडौं** (अन्नपूर्ण) : डोनाल्ड ट्रम्पले राष्ट्रपतिको कार्यभार सम्हालेपछि निष्कासित भएका नेपालीहरूलाई लिएर अमेरिकी चार्टर जहाज काठमाडौं आउँदै छ। अध्यागमन कानुन उल्लंघन गर्ने केही नेपालीहरूलाई लिएर अमेरिकी चार्टर जहाज बुधबार बिहान १० बजे काठमाडौंमा आउन लागेको हो।

निष्कासित भएकाहरूमध्ये गैरकानुनी तरिकाले अमेरिका बस्दै आएका केहीलाई त्यहाँको अध्यागमन मामिला हेर्ने अदालतले निष्कासन गर्ने फैसला सुनाएको थियो भने केहीलाई गैरकानुनी रूपमा काम गरिरहेका बेला पक्राउ परेका थिए। अवैध आप्रवासी नेपालीहरूलाई लिएर पहिलोपटक चार्टर जहाज काठमाडौं आउन लागेको हो। यसअघि अमेरिकाको इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट (आईसीई)ले अवैध नेपालीहरूलाई विभिन्न एयरलाइन्सबाट नेपाल फर्काउने गरेको थियो।

स्रोतका अनुसार चार्टर जहाजमार्फत नेपाल फर्काइनेहरूमा ११ नेपाली छन्। 'हामीलाई प्राप्त प्रारम्भिक सूचीअनुसार अमेरिकाले ११ जना नेपालीलाई चार्टर विमानमार्फत नेपाल फर्काउन लागेको हो। यो संख्या थपघट पनि हुनसक्छ,' नागरिक उड्डयन प्राधिकरणका एक उच्च अधिकारीले अन्नपूर्णसँग भने।

# टीकाथलीमा निस्कियो ग्यास, ४७ वर्षअघि नै ग्यास भएको पुष्टि

सुनिता कार्की | *काठमाडौं*

ललितपुरको महालक्ष्मी नगरपालिका-५ स्थित टीकाथलीमा खानेपानीका लागि बोरिङ खन्ने क्रममा ग्यास निस्किएको छ। टीकाथलीको गोदावरी खोलानजिक स्थानीय खानेपानी आयोजनाका लागि बोरिङ खन्ने क्रममा वयल्डिङ गर्दा ग्यास निस्केर आगो लागेको खानी तथा भूगर्भ विभागकी प्रवक्ता मोनिका झा बताउँछिन्।

बोरिङ खन्ने क्रममा मिथेन ग्यास निक्सिएको र वयल्डिङ गर्दा ग्याससँगै आगो पनि देखिएको उनको भनाइ छ। बोरिङ खन्ने क्रममा एक्कासि आगोको मुस्लासहितको ग्यास निस्केपछि स्थानीयहरू त्रसित भएका थिए। झाका अनुसार आगो निभाउने काम भइसकेको छ।

काठमाडौं उपत्यकाभित्र प्राकृतिक ग्यास मिथेन छ भनेर ४७ वर्ष अघिको अध्ययनले नै देखाएको थियो। भूगर्भ विभागले जापानी सहयोग निकाय जाइकाको सहयोगमा काठमाडौं उपत्यकाको जमिनमुनि रहेको प्राकृतिक ग्यास अन्वेषण कार्यका लागि सन् १९७८ (२०३४) मा एक अध्ययन गरेको थियो। काठमाडौं ग्यास प्रोजेक्टले



प्राकृतिक ग्यासको पहिलो अध्ययन गरेको प्रवक्ता झा बताउँछिन्।

यसैबीच संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोगमा २०३७ साल यता १४ वटा ग्यास इनारहरू ड्रिल गरिएको थियो। २६ वर्ग किलोमिटरमा ३ बल्कहरूमा ती अध्ययन भएको थियो। उक्त अध्ययनले ३ सय मिलियन घनमिटर ग्यास छ भनेर देखाएको विभागकी प्रवक्ता झाले जानकारी दिइन्। टेकु अस्पतालमा यसको प्रयोग गरेर देखाइएको पनि उनी बताउँछिन्।

मिथेन ग्यास पानीमा घुलनशील अवस्थामा हुने र एलपीजी ग्यास जस्तो सिलिन्डरमा भर्न नमिल्ने उनी सुनाउँछिन्। यो पाइपलानको माध्यमबाट मात्र वितरण गर्न सकिने भन्दै त्यति अध्ययन भएपछि सरकारबाट थप काम पनि हुन नसकेको उनको भनाइ छ।

» बाँकी पृष्ठ ३

## ५ अध्यादेशमाथि आज निर्णय हुँदै


राधा खनाल | *काठमाडौं*

सरकारले संसद्मा बुधबार पाँचवटा अध्यादेश निर्णयार्थ पेस गर्ने तयारी गरेको छ। दिउँसो १ बजे बस्ने प्रतिनिधिसभा बैठकमा अध्यादेश निर्णयार्थ पेस गरिनेछन्। त्यसका लागि सत्तासीन दलहरूले बैठकमा अनिवार्य उपस्थित हुन र अध्यादेशका पक्षमा मतदान गर्न ह्विप जारी गरेका छन्। अध्यादेश स्वीकृतिका लागि सामान्य बहुमत भए पुग्छ।

कांग्रेसले अध्यादेशका पक्षमा उभिन आफ्ना सांसदहरूलाई ह्विप लगाएको छ। कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले सांसदहरूलाई मंगलबार एसएमएस गरेर अध्यादेशका पक्षमा उभिन ह्विप लगाएका हुन्।

'फागुन २१ गते दिउँसो १ बजे बस्ने संसद्को बैठकमा अध्यादेशहरू स्वीकृतिका लागि प्रस्तुत हुने हुँदा बैठकमा अनिवार्य उपस्थित हुन यो ह्विप जारी गरिन्छ।' प्रमुख सचेतक घिमिरेले पार्टीका सांसदहरूलाई यस्तो एसएमएस पठाएका छन्। प्रतिनिधिसभामा कांग्रेसका ८८ जना सांसद छन्।

» बाँकी पृष्ठ ३




# अमेरिकाले रोक्यो युक्रेनलाई दिने सहायता

### क्यानाडा र मेक्सिकोको सामानमा २५ र चिनियाँ सामानमा २० प्रतिशत भन्सार वृद्धि

सुरज भण्डारी | *अमेरिका*

अमेरिकाले युक्रेनलाई गर्दै आएको सहयोग स्थगित गरेको छ। रूस र युक्रेनबीच जारी युद्धमा युक्रेनलाई सहयोग गर्दै आएको अमेरिकाले हात झिकेको हो। युक्रेनको महत्वपूर्ण सहयोगी अमेरिकाले सहयोग निलम्बन गरिएको बताएको छ। यसले युक्रेनलाई आगामी दिनमा असहज हुने देखिएको छ। गत शुक्रबार ह्वाइटहाउस ओभल अफिसमा भएको अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की बीचको वार्ता अनपेक्षित, अनिनिर्णीत, असहज र तिक्ततापूर्ण भएको थियो। चरणबद्ध छलफल पछि सम्झौता गर्न तयार भई युक्रेनी राष्ट्रपति जेलेन्स्की अमेरिका भ्रमणमा आएको सार्वजनिक भए पनि दुई राष्ट्रपति बीचको वार्तामा भनाभन भई युक्रेनी राष्ट्रपतिले सहमति नगरी अमेरिका छाडेका थिए।

जुन घटनालाई लिएर विश्वका नेताहरू नै विभाजित भएका छन्। विश्व शक्ति राष्ट्रहरूले समेत दुई ध्रुवमा विभाजित हुँदै धारणाहरू दिइरहेका छन्। अमेरिका भित्र पनि राष्ट्रपति ट्रम्प र युक्रेनी राष्ट्रपति जेलेन्स्कीबीचको वार्तामा उत्पन्न परिस्थितिबारे फरक-फरक कोणबाट टिकाटिप्पणीहरू भइरहेका छन्। विश्वलाई नै कूटनीतिक मर्यादा सिकाउने अमेरिकाका लागि त्यो घटनाले लज्जित बनाएको कतिपयबाट धारणा आइरहेको छ भने कतिपयले अमेरिकामै आएर अमेरिकालाई नै राष्ट्रपति जेलेन्स्कीले अनादार गरेको धारणा राखेका छन्।

यो घटनापछि विगतमा राष्ट्रपति जेलेन्स्की र युक्रेनलाई अमेरिकाले सहयोग गर्नुपर्ने धारणा राख्ने रिपब्लिकन पार्टीका नेता, सिनेटर र कंग्रेस सदस्यहरूले समेत अहिले धारणा परिवर्तन गर्दै अमेरिकासँग सहमति र सम्झौता गर्दै रूससँगको युद्ध अन्त्यका लागि पहल गर्नुपर्नेमा त्यसो नगरी युद्ध लम्ब्याउने खेलमा जेलेन्स्की लागेको आरोप लगाएका छन्।

सञ्चारमाध्यमहरूको उपस्थिति रहेको बहुप्रतिक्षित वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँगको वार्ताका क्रममा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले अमेरिकाबाट सुरक्षा ग्यारेन्टीको माग गर्दै पुन: रूसले आक्रमण नगर्ने सुनिश्चितता चाहेका थिए। अमेरिकाले युक्रेनको खनिज पदार्थमा अमेरिकी पहुँचको मागसहित उक्त खनिज पदार्थको उपयोग युक्रेनको

किन ?

विकासका लागि उपयोग गरिने र अमेरिकी उपस्थिति नै सुरक्षाको ग्यारेन्टी भएको धारणा राख्दै आएको छ। राष्ट्रपति निर्वाचनको बेलादेखि नै ट्रम्पले रूस र युक्रेन युद्ध अन्त्यका लागि आफूले पहल गर्ने र त्यो आफूबाट मात्र संभव रहेको बताउँदै आएका थिए। राष्ट्रपति ट्रम्पले त्यसका लागि पहलसमेत थाल्दै रूसका राष्ट्रपति पुटिनसँग वार्ता गरेका थिए। लगत्तै उनले युक्रेनमाथि युद्धविरामका लागि दबाब दिँदै आएका छन्। शान्ति वार्ताका लागि ठोस पहलका लागि अघि बढ्न जेलेन्स्कीलाई दबाब बढाउँदै राष्ट्रपति ट्रम्पले युद्ध अन्त्य गर्नका लागि अघि बढ्नुको विकल्प युक्रेनसँग नभएको र त्यसो नगरेको खण्डमा अमेरिकाले सहयोग रोक्ने चेतावनी दिँदै आएका थिए। वार्ता र दबाब दिँदै आएका राष्ट्रपति ट्रम्पले जेलेन्स्कीसँगको पछिल्लो वार्ताबाट उत्पन्न परिस्थितिसँगै युक्रेनलाई सहायता स्थगित गरेका हुन्।

त्यसो त अमेरिकी राष्ट्रपतिसँगको वार्ता लगत्तै जेलेन्स्कीले युके र युरोपियन राष्ट्रहरूसँग सहयोगका लागि आग्रह गर्दै त्यहाँका सरकार प्रमुखहरूसँग वार्ता गरेका थिए। युके, जर्मनी, फ्रान्सलगायत युरोपियन देशहरूले पनि युक्रेनलाई सहयोग गर्ने वचनबद्धता सँगै सहायता रकम घोषणा र सहायता रकम बढाउने प्रतिबद्धता जनाएका थिए।

» बाँकी पृष्ठ ३